दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड : ७ | संख्या : १३ | २०८० साल चैत्र २७ गते |

## भाग : २

दुल्लू नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ

### दुल्लू खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०८०

दुल्लू खानेपानी व्यवस्थापन बोर्ड (गठन, संचालन र व्यवस्थापन) ऐन, २०७९ को दफा ५१ ले दिएको अधिकार प्रयोग गरी दुल्लू नगर कार्यपालिकाले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद-१

**प्रारम्भीक**

१. **संक्षीप्त नाम र प्रारम्भ :** १) यी नियमहरुको नाम "दुल्लू नगरपालिकाको खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०८०" रहेको छ ।

(२) यो नियमावली दुल्लू नगरकार्यपालिकाबाट स्वीकृत भई दुल्लू नगरपालिकाको राजपत्रमा प्रकासित गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "आयोजना" भन्नाले दुल्लू नगरपालिका क्षेत्र भित्र निर्माण भई सञ्चालनमा रहेका तथा निर्माणाधिन खानेपानी तथा सरसफाई कार्यसँग सम्वन्धित आयोजनाहरु सम्झनु पर्दछ ।

(ख) “अनुमति पत्र” भन्नाले बोर्डले आफ्नो भौगालिक क्षेत्र भित्र खानेपानी तथा सरसफाइ सेवा संचालन गर्न सेवा प्रदायकलाई प्रदान गरेको अनुमति पत्र सम्झनु पर्छ।

(ग) “ऐन” भन्नाले दुल्लू खानेपानी व्यवस्थापन बोर्ड (गठन, संचालन र व्यवस्थापन) ऐन, २०७९ सम्झनु पर्छ ।

(घ) "नगर कार्यपालिका" दुल्लू नगर कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले दुल्लू नगरपालिका सम्झनु पर्छ ।

(च) "बोर्ड" भन्नाले ऐनको दफा ४ बमोजिम गठन भएको दुल्लू खानेपानी व्यवस्थापन बोर्ड सम्झनु पर्छ ।

(छ) "सम्झौता" भन्नाले वोर्ड र सेवा प्रदायक तथा बोर्ड र खानेपानी आयोजनाहरु बीच भएको सम्झौता सम्झनु पर्छ ।

(ज) "सेवा" भन्नाले बोर्डले उपलव्ध गराउने खानेपानी सेवा वा सरसफाई सेवा सम्झनु पर्छ ।

(झ) "सेवा प्रणाली" भन्नाले खानेपानी वा सरसफाई सेवा प्रदान गर्ने उद्देश्यले निर्माण वा जडान गरिएको पाइप, जलाशय वा खानेपानी, फोहर पानी वा ढल मिसाएको पानी प्रशोधन वा शुद्धिकरण गर्ने प्लाण्ट वा त्यस्तै किसिमका अन्य उपकरण  अन्य उपकरण वा संरचना सम्झनु पर्दछ ।

(ञ) "सेवा प्रदायक" भन्नाले भन्नाले महसुल लिई सेवा उपलब्ध गराउने कुनै व्यक्ति, उपभोक्ता समूह वा संगठित संस्था सम्झनु पर्छ र सो शब्दले बोर्सडसँग सम्झौता गरी सेवा प्रदान गर्ने अन्य कुनै व्यक्तिलाई समेत जनाउँछ ।

परिच्छेद- २

## उपभोक्ता समितिहरुको बोर्डमा आवद्धता तथा बोर्डले खानेपानी आयोजनाहरु हस्तान्तरण गराई लिने

३. **<u>उपभोक्ता समितिहरु बोर्डमा आवद्ध हुनुपर्ने :</u>** नगरपालिका क्षेत्रभित्र खानेपानी तथा सरसफाई आयोजनाहरु सञ्चालन तथा व्यवस्थापन गरिरहेका उपभोक्ता समितिहरु नगरपालिकाको प्रचलित कानून बमोजिम दर्ता भई ऐनको दफा ४३ बमोजिम बोर्डमा आवद्ध हुनुपर्नेछ ।बोर्डमा आवद्ध भएका आयोजनाका उपभोक्ता समितिलाई बोर्डले निर्धारण गरे बमोजिमको आवद्धता प्रमाणपत्र उपलव्ध गराउनु पर्नेछ ।

४. **<u>आयोजनाहरु हस्तान्तरण गराई लिने:</u>** (१) बोर्डले यो नियमावली प्रारम्भ भएपछि दुल्लू नगरपालिका क्षेत्र भित्र नगरपालिको पूर्ण वा आंशिक/साझेदारी लगानीमा निर्माण भई सञ्चालनमा रहेका आयोजनाहरु बोर्डमा हस्तान्तरण गराई लिनेछ ।

(२) उपनियम (१) बमोजिम आयोजनाहरु हस्तान्तरण गराई लिंदा अन्य निकायबाट नगरपालिका क्षेत्र भित्र निर्माण भई सञ्चालनमा रहेका आयोजनाहरु सम्बन्धित निकायको प्रचलित कानून बमोजिम बोर्डमा हस्तान्तरण गराई लिन सक्नेछ ।

५. **<u>आयोजनाहरुको हस्तान्तरण विधि:</u>** (१) बोर्डले आयोजनाहरु हस्तान्तरण गराई लिँदा देहायका कुराहरु एकिन गरेरमात्र त्यस्ता आयोजनाहरु हस्तान्तरण गरी लिनु पर्नेछः

(क) आयोजनाले तत्काल उपलव्ध गराईरहेको सेवा र सेवा प्रणालीको स्थिति,

(ख) आयोजनाले ओगटेको भौगोलिक क्षेत्र,

(ग) हस्तान्तरण गरी लिईने सेवा र सेवा प्रणाली तथा सो सँग सम्बन्धित वास्तविक सम्पत्ति, ऋण तथा दायित्व,

(२) आयोजनाहरु बोर्डमा हस्तान्तरण गरी लिँदा त्यसरी हस्तान्तरण गरी लिईने आयोजनासँग सम्बन्धित वास्तविक सम्पत्ति र दायित्व वोर्डले निर्धारण गरे बमोजिम एकिन गरी हस्तान्तरण गरी लिनेछ ।

(३) नगरपालिकाले नगरपालिका क्षेत्रमा अन्य निकाय मार्फत निर्माण भई सञ्चालनमा रहेका आयोजनाहरु मूल्यांकन गरी बोर्डमा हस्तान्तरण गर्ने व्यवस्थाको लागि आवश्यक सहजिकरण तथा समन्वय गर्नेछ ।

परिच्छेद- ३

## बोर्डको काम, कर्तब्य र अधिकार

६. **<u>बोर्डको अन्य काम, कर्तब्य र अधिकार :</u>** ऐनको दफा १२ मा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सेवाको गुणस्तर वा मापदण्ड तोकिएकोमा त्यस्तो गुणस्तर वा मापदण्ड अनुसार सेवा प्रदान भए नभएको अनुगमन गर्ने,

(ख) कुनै निकायले संचालन गरिरहेको आयोजनाहरु बोर्डमा हस्तान्तरण भएकोमा सो आयोजनाहरु हस्तान्तरण हुँदाका बखत निर्धारित शर्त र ऐन तथा यस नियमावली बमोजिम संचालन भए नभएको सम्वन्धमा अनुगमन तथा निरिक्षण गर्ने गराउने,

(ग) सेवा प्रदायकले प्रदान गरेको सेवाको अनुगमन गर्ने गराउने,

(घ) बोर्डको वार्षिक प्रतिवेदन तयार गर्ने,

(ङ) बोर्डको वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने,

(च) बोर्डमा आवश्यक पर्ने कर्मचारीको दरवन्दी तयार गरी स्वीकृतिको लागि नगर कार्यापालिका समक्ष पेश गर्ने,

(छ) बोर्डको उद्देश्य प्राप्त गर्नको लागि आवश्यक पर्ने अन्य सबै काम गर्ने ।

७. **<u>सेवा प्रदायक मार्फत सेवा संचालन गराउने :</u>** (१) बोर्डले आफूले संचालन गर्ने सेवा कुनै सेवा प्रदायक मार्फत संचालन गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम सेवा प्रदायक मार्फत सेवा संचालन गराउँदा बोर्डले सेवा प्रदायकलाई अनुमतिपत्र प्रदान गरेर वा त्यस्तो सेवा प्रदायकसँग सम्झौता गरेर सेवा तथा सेवा प्रणालीको संचालन तथा व्यवस्थापन गराउनेछ ।

(३) उपनियम (२) बमोजिम सेवा प्रदायकबाट संचालन तथा व्यवस्थापन गरिने सेवाको शर्त तथा मापदण्ड बोर्डले जारी गरेको अनुमतिपत्र वा बोर्ड र सेवा प्रदायक बीच भएको सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) उपनियम (२) बमोजिम बोर्डले सेवा प्रदायकलाई जारी गर्ने अनुमति पत्रको ढाँचा **बोर्डले तोके** बमोजिम हुनेछ ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि बोर्डले अनुमतिपत्र जारी गर्दा सेवा संचालन सम्बन्धमा छुट्टै शर्त तोकिदिन सक्ने छ ।

(६) बोर्डले सेवाप्रदायकलाई आफ्नो स्वामित्वमा रहेको सेवा प्रणाली प्रयोग गर्न दिएकोमा त्यसको निमित्त छुट्टै सम्झौता गर्नुपर्नेछ ।

(७) उपनियम (६) बमोजिम गरिने सम्झौतामा सेवा संचालनको लागि सेवा प्रणालीको प्रयोग गरे वापत बोर्डले लिन पाउने शुल्क समेत उल्लेख गर्नुपर्नेछ ।

(८) सेवा प्रदायकको छनौट गर्ने तरिका तथा तत् सम्बन्धी अन्य कार्यविधि बोर्डले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **सम्झौता वा अनुमति पत्रमा उल्लेख गर्नुपर्ने कुराहरु :** (१) बोर्डले नियम ७ बमोजिम सेवा संचालन गराउँदा सेवा प्रदायकले पालना गर्नुपर्ने शर्त तथा सेवाको गुणस्तर वा मापदण्ड सम्झौता वा अनुमतिपत्रमा उल्लेख गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम बोर्ड र सेवा प्रदायकबीच सेवा संचालन गर्ने सम्वन्धमा हुने सम्झौता वा अनुमति पत्रमा अन्य कुराको अतिरिक्ति देहायका कुराहरु समेत उल्लेख गर्नु पर्नेछः

(क) सेवा प्रदायकले उपभोक्तालाई प्रदान गर्ने सेवाको गुणस्तर,

(ख) सेवा प्रदायकले उपभोक्तासँग लिन सक्ने प्रचलित कानून बमोजिम निर्धारित महसुल,

(ग) सेवा प्रदायकले बोर्डलाई बुझाउनु पर्ने मासिक वा वार्षिक शुल्क,

(घ) न्यून–आय वर्गलाई दिनुपर्ने सुविधाहरु,

(ङ) सम्झौता वा अनुमति पत्र रद्द गर्न सकिने अवस्थाहरु,

(च) सम्झौता वा अनुमति पत्र रद्द गर्नुपरेमा अवलम्वन गरिने कार्यविधि,

(छ) सेवा प्रणालीको विकास र विस्तारका लागि गरिने पूजिंगत लगानी सम्वन्धी व्यवस्था,

(ज) सेवा प्रदायकले सम्झौताको शर्त विपरीत काम गरी सम्झौता रद्द भएमा तत्काल सेवा संचालन गर्ने सम्वन्धमा गरिएको वैकल्पिक व्यवस्था,

(झ) सेवा प्रदायकले सम्झौताको शर्त उल्लंघन गरेमा व्यहोर्नु पर्ने क्षतिपूर्ति,

(ञ) विवाद समाधान सम्बन्धी व्यवस्था,

(ट) बोर्डले उपभोक्ताको हितको लागि आवश्यक ठानेका अन्य कुराहरु ।

परिच्छेद- ४

**बोर्डको संगठनात्मक संरचना तथा कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था**

९. **बोर्डको संगठनात्मक संरचना :** बोर्डको संगठनात्मक संरचना **अनुसूची १** मा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **कार्यकारी निर्देशकको योग्यता तथा नियुक्तिः** (१) बोर्डको प्रशासकिय प्रमुखको रुपमा काम गर्न नगर

कार्यपालिकाले मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग विषयमा वा व्यवस्थापन, वित्त, वाणिज्य शास्त्र, कानून, जन प्रशासन, समाजशास्त्र वा अर्थशास्त्र विषयमा कम्तीमा स्नातक उपाधी हासिल गरी खानेपानी तथा सरसफाई क्षेत्रको व्यस्थापकीय जिम्मेवारी लिई कम्तीमा ५ वर्षको अनुभव हासिल गरेको व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम योग्यता भएको व्यक्ति मध्येबाट कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नको लागि नगरपालिकाले सार्वजनिक रुपमा दरखास्त आव्हान गर्नेछ ।

(३) उपनियम (२) बमोजिम दरखास्त आव्हान गर्दा प्राप्त भएका दरखास्तवाला मध्येबाट नगर कार्यपालिकाले उपयुक्त ठानेको कार्यविधि अपनाई छनौट गरिएको व्यक्तिलाई कार्यकारी निर्देशक पदमा नियुक्ति गर्नेछ।

(४) उपनियम (३) बमोजिम नियुक्त भएको कार्यकारी निर्देशकको पदाबधि नियुक्ति भएको मितिले ५ बर्षको हुनेछ । साथै एक पटक कार्यकारी निर्देशक भई सकेको व्यक्ति पुन: एक कार्यकालको लागि मात्र नियुक्ति हुन सक्नेछ ।

११. **कार्यकारी निर्देशकलाई पदबाट हटाउन सकिनेः** (१) ऐन तथा यस नियमावली बमोजिम पदीय जिम्मेवारी पूरा नगरेको वा बोर्डको नीति विपरीत कुनै काम कारवाही गरेको वा कुनै खराव आचरणमा लागेको वा बोर्ड तथा कार्यपालिकाले दिएको निर्देशन अनुरुप निजले काम नगरेको अबस्थामा कार्यकारी निर्देशकलाई निजको पदावधि पूरा हुनु अगावै पदबाट हटाउन आवश्यक देखिएमा नगर कार्यपालिकाले बोर्ड मार्फत निजसँग स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(२) समितिले उपनियम (१) बमोजिम स्पष्टीकरण माग गर्दा निजलाई लागेको अभियोग र पदबाट हटाउन परेको कारण तथा आधार समेत उल्लेख गरी स्पष्टीकरण माग गरिने छ ।

(३) उपनियम (२) बमोजिमको आरोपका सम्बन्धमा निजबाट प्राप्त स्पष्टीकरण सन्तोषजनक नदेखिएमा बोर्डको सिफारिसमा कार्यकारी निर्देशकलाई निजको पदबाट हटाउनु परेको कारण र आधार समेत स्पष्ट उल्लेख गरी कार्यपालिकाले निर्णय गरेर मात्र पदबाट हटाउन सक्नेछ ।

१२. **कार्यकारी निर्देशकको पारिश्रमिक तथा सुविधाः** (१) कार्यकारी निर्देशकले नगरपालिकामा समान तहमा कार्यरत कर्मचारीले प्राप्त गर्ने पारिश्रमिक पाउने छ।

(२) कार्यकारी निर्देशकको तलव बोर्डबाट भुक्तानी हुनेछ ।

(३) कार्यकारी निर्देशकले पाउने अन्य भत्ता तथा सुविधाहरु र सेवाका अन्य शर्तहरु कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

१३. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) दुल्लू खानेपानी व्यवस्थापन बोर्डको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ख) बोर्डको अल्पकालिन तथा दीर्घकालिन योजना, वार्षिक कार्यक्रम र बजेट तयार गर्ने गराउने,

(ग) बोर्डबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(घ) बोर्डबाट स्वीकृत हुनुपर्ने प्रस्तावहरु बोर्डसमक्ष पेश गर्ने,

(ङ) बोर्डको नीति तथा दुल्लू खानेपानी व्यवस्थापन बोर्ड (गठन, संचालन र व्यवस्थापन) ऐन, २०७९ अनुसार बोर्डका गतिविधिहरुको प्रभावकारी संचालन गर्नको लागि आवश्यक विनियम तथा निर्देशिका तयार गरी स्वीकृतिका लागि बोर्ड समक्ष पेश गर्ने,

(च) बोर्डको प्रशासकीय प्रमुखको रुपमा बोर्डको सामान्य प्रशासन तथा बोर्डका कर्मचारीहरुको प्रशासनिक नियन्त्रण गर्ने,

(छ) बोर्डको स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही आवश्यक रकम खर्च गर्ने,

(ज) बोर्ड आफैले तथा अन्य निकायहरुको समन्वयमा संचालन गरिएका खानेपानी तथा सरसफाई सम्वन्धी आयोजना तथा गतिविधिहरुको अनुगमन गर्ने गराउने तथा अनुगमनबाट प्राप्त विवरणको आधारमा प्रतिवेदन तयार गरी बोर्ड तथा नगर कार्यपालिका समक्ष पेश गर्ने,

(झ) बोर्डको कोषको आन्तरिक नियन्त्रणको उचित प्रवन्ध गर्ने,

(ञ) बोर्डको वार्षिक प्रतिवेदन तयार गरी वोर्ड समक्ष पेश गर्ने,

(ट) नगर कार्यापालिका तथा दुल्लू खानेपानी व्यवस्थापन वोर्डले तोकेका अन्य कार्यहरु गर्ने,

परिच्छेद- ४

## बोर्डका कर्मचारी तथा पदपूर्ति सम्बन्धी व्यवस्था

१४. **कार्यविवरण वनाई लागु गर्नुपर्ने** (१) बोर्डमा नियम ९ मा व्यवस्था भए बमोजिम स्वीकृत संगठनात्मक संरचना बमोजिमका कर्मचारीहरुको पद अनुसारको कार्यविवरण वनाई लागु गर्नु पर्नेछ ।

(२) कर्मचारीको पदस्थापन गर्दा पदस्थापन पत्रसँगै उपनियम (१) बमोजिमको कार्यविवरण समेत दिनुपर्नेछ ।

(३) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा उपनियम (२) बमोजिम दिईएको कार्यविवरण बमोजिम कार्य सम्पादन भए नभएको आधारमा गरिनेछ ।

१५. **कर्मचारीहरु सम्वन्धी व्यवस्था** (१) बोर्डमा नियम ९ मा व्यवस्था भए बमोजिम स्वीकृत संगठनात्मक संरचना बमोजिमका कर्मचारीहरु रहनेछन् ।

(२) स्वीकृत संगठनात्मक संरचनाको अधिनमा रही बोर्डमा कर्मचारीको कामको प्रकृति बमोजिम देहाय बमोजिमका कर्मचारीहरु रहनेछन्ः

(क) ज्यालादारी,

(ख) करार,

(ग) बोर्डबाट कर्मचारीहरु पदपूर्ति नहुन्जेल सम्मको लागि नगरपालिकाबाट कामकाजमा खटाईएका स्थायी वा सेवा करारका कर्मचारी,

(घ) विभिन्न निकायहरुको सहयोगमा बोर्ड अन्तरगत सञ्चालित आयोजना अन्तरगतका कर्मचारीहरु,

(३) वोर्डका कर्मचारीहरुले वोर्डले तोकिदिए बमोजिम पारिश्रमिक पाउनेछन् ।

(४) उपनियम (३) बमोजिम पारिश्रमिक तोक्दा वोर्डले नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिक भन्दा कम नहुने गरी तोक्नु पर्नेछ भने वोर्डको आन्तरिक श्रोत समेतलाई मध्येनजर गरी नगरपालिकाको समान तहको कर्मचारीले प्राप्त गर्ने पारिश्रमिक उपलव्ध गराउन सक्नेछ ।

१६. **कर्मचारीको पदपूर्ति सम्वन्धी व्यवस्था** (१) नियम १५ को उपनियम (२) को खण्ड (क) र (ख) बमोजिमका कर्मचारीहरुको पदपूर्ति बोर्डले देहाय बमोजिमको कार्यविधि अपनाई गर्नुपर्नेछ :

(क) पदपूर्ति समितिको गठन : बोर्डमा रिक्त रहेका पदमा पदपूर्ति गर्दा बोर्डले देहाय बमोजिमको एक पदपूर्ति समितिको गठन गर्नुपर्नेछ :

१. बोर्डको कार्यकारी निर्देशक :संयोजक

२. सम्वन्धित विषयको विषय विज्ञ मध्ये नगर प्रमुखले तोकेको १ जना : सदस्य

३. नगरपालिकाको प्रशासन शाखा प्रमुख : सदस्य सचिव

(ख) योग्यता निर्धारण : उम्मेदवारहरुको योग्यता प्रचलित संघीय कानून तथा प्रदेश कानूनले समान सेवा/समूह/उपसमूह/पदको लागि निर्धारण गरेको योग्यता अनुरुप नै हुनेछ ।

(ग) पाठ्यक्रम निर्धारण : पाठ्यक्रम कर्णाली प्रदेश लोक सेवा आयोगले समान सेवा/समूह/उपसमूह/पदको लागि निर्धारण गरेको पाठ्यक्रम अनुरुप नै हुनेछ ।

(घ) सार्वजनिक सूचना प्रकाशन : (१) कुनैपनि पदमा पदपुर्ति गर्दा बोर्डले १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपखण्ड (१) बमोजिम सूचनाको अवधि भित्र योग्य नेपाली नागरिकहरुले बोर्डले तोकेको ढाँचामा आवेदन फाराम बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपखण्ड (१) बमोजिमको सूचना सँगै बोर्डको निर्णयबाट हरेक पदको लागि वुझाउनु पर्ने आवेदन दस्तुर समेत उल्लेख गर्नु पर्नेछ ।

(ङ) छनौटको लागि परीक्षा सञ्चालन : खण्ड (क) बमोजिमको समितिले सम्बन्धित सेवा/समूह/उपसमूह/पदको लागि निर्धारण गरिएको पाठ्यक्रममा तोकिए बमोजिमको छनौट परीक्षा सञ्चालन गरी परीक्षामा सहभागी उम्मेदवारहरुको योग्यताक्रम अनुसार नियुक्तिको लागि बोर्ड समक्ष सिफारिस गर्नेछ ।

(च) यस उपनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कर्णाली प्रदेश लोकसेवा आयोगबाट पाठ्यक्रम तथा परीक्षा प्रणाली निर्धारण नगरिएको पदहरुको हकमा खण्ड (क) बमोजिमको समितिले नै पाठ्यक्रम तथा परीक्षा प्रणाली निर्धारण गर्न सक्नेछ ।

(२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बोर्डले प्रचलित संघीय तथा प्रदेश कानून अनुसार ज्यालादारीमा कर्मचारी परिचालन गर्न तथा सार्वजनिक खरिद नियमावलीको नियम ९५ को उपनियम (१) मा उल्लेख गरिएका कार्यहरुको हकमा सोहि नियमावलीको उपनियम (३) बमोजिम वार्ता गरी खरिद गर्न सक्नेछ ।

(३) यो नियमावली प्रारम्भ हुनु अघि बोर्डले ज्यालादारीमा परिचालन गरिरहेका कर्मचारीहरुलाई एकपटकको लागि बोर्डबाट निर्णय गरी सेवा करारमा नियुक्ति गर्न सक्नेछ ।

(४) यस नियम बमोजिम बोर्डले नियुक्त गरेका कर्मचारीहरुको पारिश्रमिक तथा अन्य सेवा सुविधा बोर्डले आफ्नो आन्तरिक श्रोतबाट व्यवस्थापन गर्नु पर्नेछ ।

१७. **<u>वोर्डका कर्मचारीहरु सम्वन्धी अन्य व्यवस्था:</u>** (१) नगरपालिकामा सञ्चालित विभिन्न खानेपानी योजनाहरु वोर्डमा आवद्ध भएमा त्यस्तो योजनामा सम्बद्ध कर्मचारीहरु समेत वोर्डका कर्मचारीको रुपमा समान पदमा समायोजन हुनेछन् ।

(२) उपनियम (१) बमोजिम आयोजनाका कर्मचारीहरु वोर्डमा समायोजन गर्दा निजहरु कार्यरत रहेको सेवा, समुह, श्रेणीको समान पदमा समायोजन गरिरनेछ र त्यसरी समायोजन हुँदा निजले खाइपाई आएको तलब, भत्ता तथा सुबिधा भन्दा घटी हुने गरी समायोजन गरिने छैन ।

(३) उपनियम (१) बमोजिम समायोजन भएका कर्मचारीहरुको सेवा अबधिमा निरन्तरता कायम रहने गरी यसै नियमावली बमोजिम सेवा करारमा नियुक्ति गरी सेवाको निरन्तरता प्रदान गरिनेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कामदार वा कर्मचारीले साबिकको निकायमा नै फिर्ता जान चाहेमा फिर्ता जान पाउनेछ।

(५) नगरपालिकाले बोर्डद्धारा नियुक्त भएका कर्मचारीहरुलाई आवश्यकता अनुसार नगर कार्यपालिकाको कार्यालयमा कामकाज गर्ने गरी काजमा खटाउन सक्नेछ । यसरी काजमा खटाईएका कर्मचारीहरुको आधारभूत पारिश्रमिक बोर्डले र अन्य सेवा सुविधा नगरपालिकाले व्यहोर्ने छ ।

१८. **<u>नगरपालिका समक्ष अनुरोध गर्न सक्ने:</u>** (१) नियम १६ बमोजिम बोर्डमा कर्मचारीको पदपूर्ति नभएसम्म आवश्यक कर्मचारी उपलव्ध गराईदिन बोर्डले दुल्लू नगरपालिका समक्ष अनुरोध गर्न सक्नेछ ।

(२) बोर्डले उपनियम (१) बमोजिम कर्मचारी उपलव्ध गराईदिन गरेको अनुरोध अनुसार दुल्लू नगरपालिकाले नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई आवश्यकता अनुसार बोर्डको कामकाम गर्ने गरी काजमा खटाउन सक्नेछ ।


(३) उपनियम (२) बमोजिम नगरपालिकाले कामकाजमा खटाएका कर्मचारीको आधारभूत पारिश्रमिक नगरपालिकाले र अन्य सुविधा बोर्डले ब्यहोर्ने छ ।

१९. **<u>यसै नियमावली बमोजिम भए सरह मानिने :</u>** बोर्ड कर्मचारी प्रशासनसँग सम्बन्धित यस अघि गरेका कार्यहरु यसै नियमावली बमोजिम भए गरेका मानिनेछ ।

अनुसूची-१

(नियम ९ सँग सम्वन्धित)

**दुल्लू खानेपानी व्यवस्थापन वोर्डको संगठन संरचना**




आज्ञाले
ज्ञानमणि नेपाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०८०।१२।२७